# उर्जा बचत किन ?

टि.भी, फ्रिज, पानी तान्ने पम्प आदी जस्ता घरेलु विद्युतीय उपकरण चलाउन विद्युत उर्जा चाहिन्छ । विद्युत खपत कम गर्ने यस्ता उपकरण प्रयोग गरेर मासिक विद्युत खर्च घटाउन सकिन्छ । परम्परागत उपकरणको तुलनामा यस्ता उपकरणको प्रयोगले लोडसेडिङ्ग घटाउन, वातावरण संरक्षण गर्न र आर्थिक वृद्धिलाइ पनि ठोस मद्दत पुग्दछ ।




**उर्जा बचत सम्बन्धि लेवल** उत्पादित बस्तुहरुको वाहिर टाँसिएको वा लेखिएको विवरण हो जसवाट सामान्यतया उर्जा खपत, प्रभावकारिता, उर्जा लागत, सक्षमता सम्बन्धि महत्वपूर्ण संख्यात्मक तथा व्याख्यात्मक जानकारी उल्लेख गरिएको हुन्छ यस बाट उपभोक्तलाई वस्तु खरिद या प्रयोग गर्न पर्याप्त जानकारी प्राप्त हुन्छ ।




**मान्यतादायक लेवल** : यसले तोकिएको मापदण्ड पुरा गरेको छ भन्ने कुराको प्रत्याभूति दिन्छ ।




**तुलनात्मक लेवल** : एकै प्रकारका उपकरणको कार्यसम्पादनको तुलनात्मक विवरणको जानकारी दिन्छ ।

**विद्युत बचत गुणस्तर** निर्धारणहरु कार्यविधी तथा नियमन हुन् जसले उत्पादित सामाग्रीको कार्यसम्पादनको बारेमा किटान गर्छन् र न्यूनतम दक्षता समेत नभएका उपकरण बिक्री बितरण गर्न निषेध गर्दछन् जसलाई न्यूनतम उर्जा कार्यसम्पादन स्तर भनिन्छ ।

नेपाल उर्जा बचत कार्यक्रम नेपाल सरकारलाई घरेलु तथा औद्योगिक उर्जा उपयोगमा प्रभावकारिता अभिवृद्धि कार्यमा सहयोग गर्दछ । जि.आइ.जेड., नेपाल उर्जा बचत कार्यक्रम- विस्तृत जानकारीकालागि सम्पर्क ठेगाना :


विस्तृत जानकारीका लागि **neep@giz.org.np**


giz